म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७९ बिहीबार २६ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 9 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## किसान महासंघले संगठन सुदृढीकरण अभियान चलाउने

हेटौंडा, २५ माघ/अखिल नेपाल किसान महासंघ मकवानपुरले संगठन सुदृढीकरढण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । महासंघको मंगलबार बसेको बैठकले जिल्लाको १० वटै स्थानीय तहको कमिटि बैठक गर्ने र कमिटी नभएको स्थानीय तहमा कमिटी गठन गर्ने निर्णय गरेको हो । महासंघले फागुन भित्र जिल्लाको सम्मेलन गर्ने निर्णय गरेको नेकपा एमालेका केन्द्रिय सदस्य रामेश्वर रानाले जानकारी दिए । चैतमा हुने राष्ट्रिय सम्मेलनभन्दा अगाडि महासंघको सबै स्थानीय तहमा कार्यक्रम गरी जिल्ला सम्मेलन गर्ने उनको भनाई छ । यस्तै, महासंघले साधारण सदस्यता वितरण गर्ने भएको छ । बैठकमा किसानहरुको समस्या पहिचान गर्ने, सहजीकरण गर्ने, परिचालन गर्ने, कसानको हितमा छुट्याएको बजेट तथा योजना कार्यान्वयन गर्न भूमिका स्थापित गर्ने निर्णय गरेको उनले बताए ।

हेटौंडामा चार महिनादेखि बाघ आतंक

## जसले घाँस काट्ने कचियाले बाघसँग जुधेर ज्यान बचाइन्

साझाकुरा संवाददाता





हेटौंडा, २५ माघ/ हेटौंडामा गत कार्तिकदेखि सुरु बाघको आतंक चार महिनासम्म पनि कायम रहेको छ । कार्तिकमा हेटौंडा-१, स्थित भैरवडाँडामा देखिएको बाघ घुमिफिरी पुन: हेटौंडाको १८ नम्बर वडामा देखिएको डिभिवन वन कार्यालयले अनुमान लगाएको छ ।

पाटे बाघले कार्तिकमा करिब २० दिन भैरवडाँडामा आतंक मच्चाएको थियो । बुधवार बाघकै आक्रमणबाट हेटौंडा-१८, हर्नामाडी निवासी एक महिलालाई घाइते बनाएको छ । हर्नामाडीकी ५७ वर्षीया माइतीकुमारी बयलकोटी बाघको मुखबाट बच्न सफल भएकी छन् । हिंसक जनावार बाघले जंगलमा एकान्तमा आक्रमण गर्न पाएको अवस्थामा ज्यान लिने गरेको घटना धेरै सुनिएको छ । तर, ५७ वर्षीया बयलकोटी जंगलमा बाघसँग जुधेर मृत्युको मुघबाट बँचेकी छन् । हर्नामाडीको मानेडाँडा बस्ने उनी बुधवार करिब अपरान्ह ४ बजेको समयमा घाँस काट्न जाने क्रममा स्थानीय जंगलमा उनी बाघको आक्रमणमा परेकी थिइन् ।

बाघको आक्रमणबाट घाइते भएकी उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको १८ नम्बर वडाका वडाध्यक्ष अनिल बानियाँले जानकारी दिएका छन् । घाइते माइतीकुमारीको अवस्था बुझ्न अस्पताल पुगेका भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, वडाध्यक्ष बानियाँ, हेटौंडा-४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलले उनी बाघको मुखबाट बच्न सफल भएको जानकारी दिए । 'बाघको आक्रमणबाट घाइते हुनुभएको छ । उहाँले कचियाको भरमा बाघसँग जुधेर बाँच्न सफल हुनु भएको बताउनु भयो,' वडाध्यक्ष सिग्देलले भने ।

रामधुनी सिम्सारमा घाँस काट्न जाँदै गर्दा बाटोमा बाघले बयलकोटीलाई आक्रमण गरेको थियो । उनको ढाड, गाला र ओठमा चोट लागेको वडाध्यक्ष सिग्देलले बताए । मंगलबारदेखि हर्नामाडीको गुम्बाडाँडामा बाघको आतंक थियो ।

मंगलबार स्थानीय हरि माया मोक्तानको २ वटा बाखा खाएको बाघले बुधवार स्थानीय राजु पहेंलीको एउटा बंगुर खाएको र अर्कोलाई घाइते बनाएको जनाइएको छ । गाउँमा बाघले निरन्तर रुपमा पशुचौपाया मार्ने र मानिसलाई समेत आक्रमण गर्न थालेपछि स्थानीयबासी त्रसित बनेका छन् । यसअघि हेटौंडाको १ नम्बर वडास्थित भैरवडाँडामा बाघको आतंक थियो ।

गत कार्तिकमा १ नम्बर वडाको भैरवडाँडामा पशुचौपाया मारेको बाघ मकवानपुरगढी हुँदै बकैया गाउँपालिका पुगेर पुन: हेटौंडा फर्किएको अनुमान डिभिजन वन कार्यालयले लगाएको छ । डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख डिभिजनल वन अधिकृत शिव सापकोटाले एउटै बाघले फन्को लगाइरहेको अनुमान लगाए । करिब तीन महिनाअघि मकवानपुरगढीमा बाघलाई क्यामेराले कैद गरेको थियो । सोही बाघ बकैया पुगेको र हेटौंडा फर्किएको सापकोटाले जानकारी दिए । बकैयामा भने क्यामेराको ट्र्यापमा बाघ नपरेको उनी बताउँछन् । सापकोटाले उक्त बाघ चितवनस्थित राष्ट्रिय निकुञ्जबाट आएको बताए । चितवनमा भएका बाघहरुमध्ये ३८ नम्बरको बाघ हो भन्ने अध्ययन भइरहेको उनको भनाई छ ।

१३ कार्तिकमा हेटौंडा-१ भैरवडाँडामा एक-एक वटा बाखा र गाईको बाच्छा मारेको थियो । त्यसपछि २६ कार्तिकमा मकवानपुर गढी गाउँपालिका-६ मा ७ वटा बाखा/खसी मारेको जनाइएको छ । स्थानीय गोपाल विश्वकर्माको ७ वटा खशी र बाखा मारेको हो । हेटौंडाको १ नम्बर वडास्थित भैर वडाँडामा दुई वटा बाखा खाएपछि आतंक मच्चिएका थियो । बाघको आतंकले करिब १ महिना नै राम्रोसँग निदाउन नसकेको स्थानीय बिनोद सापवकोटाले बताए । बाघलाई नियन्त्रणमा लिन वनका कर्मचारीहरु खटिए पनि हालसम्म बाघ समात्न सफल नभएको देखिन्छ । बाघले यसबीचमा मकवानपुरदेखि बकैयासम्म गाईको बाच्छोदेखि कुखुरा, बाखा मारेको छ ।

मकवानपुर वन्यजन्तु बाघको उपयुक्त बासस्थान नभए पनि चितवन राष्ट्रिय निकुञ्जबाट मनहरी मध्यवर्ती वन हुँदै लालझाडी आइपुगेको अनुमान लगाइएको छ । राष्ट्रिय प्रकृती संरक्षण कोष चितवनले यसअघि क्यामेरा जडान गरेर बाघलाई ट्र्यापिङ गर्न खोजेको थियो । तर, क्यामेरा राखेको क्षेत्रबाट बाघले बासस्थान सार्दै हिँडिरहेको छ ।

## प्रहरी हवल्दार सहित तीन पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ मकवानपुर प्रहरीले लागूऔषध गाँजा सहित तीनजनालाई पक्राउ गरेको छ ।

प्रहरीले भिमफेदी गाउँपालिका-२ भैंसेबाट सशस्त्र प्रहरी सहायक हवल्दार सहित तीन जनालाई लागूऔषधसहित पक्राउ गरेको हो । प्रहरी चौकी भैसेबाट खटिएको प्रहरीको टोलीले अटोमा सवार तीन जनालाई करिव ९ किलोग्राम लागुऔषध गाँजा सहित मंगलबार पक्राउ गरेको छ ।

पकाउ पर्नेमा अटोमा सवार हेटौंडा १४ न. शसस्त्र प्रहरी गणमा कार्यरत शसस्त्र प्रहरी साहायक हवल्दार बैतडी रिम गाउँपालिका-६ बस्ने वर्ष ३० को कृष्ण जोशी, मकवानपुर मनहरी गाउँपालिका-९ खरङ्ग बस्ने वर्ष २९ को होमलाल मोक्तान र अटो चालक हेटौंडा उपमहानगरपालिका ८ कमाने बस्ने वर्ष ४५ को सुर्य विश्वकर्मा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक टेक बहादुर कार्कीले बताए ।

प्रवक्ता कार्कीका अनुसार जोशी शसस्त्र प्रहरी साहायक हवल्दार भन्ने साथमा रहेको परिचय पत्रबाट खुल्न आएको हो । चेकिङ टोलीले चुनियाबाट हेटौंडा बजारतर्फ आउदै गरेको बागमती प्रदेश ०३-००१ ह १४९१ नं. को अटोलाई चेकजाँच गर्दा उनिहरुले प्लाष्टिकको बोराभित्र रातो कपडाकले बेरेर लुकाई छिपाई ल्याएको उक्त गाँजा बरामद गरिएको उनले बताए । लागुऔषध गाँजा, अटो सहित तीनै जनालाई नियन्त्रणमा लिएर अनुसन्धान र आवश्यक कारबाहीको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## ७ वटा अस्पताललाई एम्बुलेन्स हस्तान्तरण

साझाकुरा संवाददाता



हेटौंडा, २५ माघ/ बागमती प्रदेश सरकार मातहतको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाले प्रदेश सरकार मातहतका ७ वटा अस्पताललाई एम्बुलेन्स हस्तान्तरण गरेको छ ।

बुधबार बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले अस्पताललाई एम्बुलेन्स हस्तान्तरण गरेका हुन् । ख वर्गको एम्बुलेन्स भक्तपुरको भक्तपुर अस्पताल, ललितपुरको बज्रबाराही चापागाउँ अस्पताल, काठमाडौंको टोखा चण्डेश्वरी अस्पताल, दोलखाको पशुपति चौलागाई स्मृति अस्पताल, काभ्रेको मेथिनकोट अस्पताल, रामेछापको रामेछाप अस्पताल र चितवनको बकुलहर-रत्ननगर अस्पताललाई हस्तान्तरण गरिएको छ । स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले कर छुट सुविधासहित प्रति एम्बुलेन्स ५२ लाख ९० हजार रुपैयाँमा खरिद गरिएको जनाएको छ । प्रदेश सरकार मातहतमा १३ वटा अस्पताल रहेका छन् । यसअघि दुईवर्ष पहिले ५ वटा अस्पताललाई ख वर्गकै एम्बुलेन्स हस्तान्तरण गरेको थियो ।

कार्यक्रममा बोल्दै स्वास्थ्यमन्त्री श्रेष्ठले प्रदेशका सबै नागरिकहरुसम्म स्वास्थ्य सेवा पुग्न नसकेको बताए । श्रेष्ठले प्रदेशका गरिब र विपन्न वर्गका नागरिकहरु अझै स्वास्थ्य सेवाबाट बञ्चित रहेको बताए । उनले गरिब, विपन्न, सीमान्तकृत, लोपोन्मुख समुदायका नागरिहरुको स्वास्थ्यमा पहुँचमा पुर्याउनका लागि सरकार गम्भीर भएर काम गरिरहेको बताए ।

नागरिकको उचित स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारप्रति सरकार गम्भीर रहेको र सरकारलाई उक्त दायित्वबोध भएकाले त्यसका लागि नीतिगत रुपमा अघि बढ्ने तयारी भएको बताए । उनले प्रदेशका सबै नागरिकलाई स्तरीय स्वस्थ्यको पहुँचका लागि स्वस्थ्य बीमालाई प्रभावकारी बनाउने तयारी गरेको बताए ।

स्वास्थ्य बीमामार्फत प्रदेशका सबै नागरिकहरुलाई स्वस्थ्यको पहुँचमा पुर्याउने उनले दावी गरे । उनले नागरिकहरुको स्वास्थ्य सेवाको स्थिति र स्तरीयतालाईमध्ये नजर गर्दै प्रदेश स्वास्थ्य नीति निर्माण गरि अघि बढ्ने बताए । सो कार्यका लागि मन्त्रालयले अध्ययन तथा अनुसन्धान समिति बनाएर अघि बढेको उनको भनाई छ ।

उनका अनुसार मन्त्रालयका सचिवको नेतृत्वमा उक्त समिति रहेको र त्यसले काम सुरु गरिसकेको छ । उक्त समितिको सूझाव अनुसार प्रदेश स्वास्थ्य नीतिको मस्यौदा तयार गरि त्यस उपर विज्ञहरुसँगको छलफलबाट ऐन निर्माणका प्रक्रिया अघि बढाइने उनले बताए । उनले स्वास्थ्य सेवाको स्तरीयता मापन, विज्ञ जनशक्तिको व्यवस्थापन नागरिकको स्वास्थ्य उपचारको स्थिति मापनका लागि प्रदेश सरकारले स्वास्थ्य अनुसन्धान परिषद गठनको प्रक्रिया सुरु गरिएको बताए ।

उक्त परिषद गठनपछि प्रदेशका अस्पतालहरुको सेवा स्तरमा सुधार आउने उनको भनाई छ । उनले सरकारले नि:शुल्क प्रदान गर्दै आएको औषधी अभाव हुन नदिन सरकार गम्भीर रहेको र सबै कर्मचारीहरुको सहकार्य आवश्यक रहेको बताए । योजना तथा नीति कार्यान्वयनमा सहयोग गर्न र समस्याको समाधानका लागि सरकार तयार रहेकाले भयरहित वातावरणमा काम गर्न उनले कर्मचारीहरुलाई निर्देशन समेत दिए ।

स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र परिसरमा आयोजना गरिएको एम्बुलेन्स हस्तान्तरण कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव बद्रिबहादुर खड्का, प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक महेश्वर श्रेष्ठ, केन्द्रका प्रमुख डा. अर्जुनप्रसाद सापकोटाको पनि उपस्थिति रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# फोहोरको उचित विसर्जन, सभ्य नागरिकको परिचय

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घर पालुवा पशुपक्षीकाकारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पुऱ्याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पनन हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाकलापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्राय: सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मक्वानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ २७ गते शुक्रबार १० फेब्रुअरी २०२३ । पञ्चमी फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४७, सूर्यास्त ५:५० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# जनता एकथोक सोच्छन्, पार्टीहरू अर्को



मन्दिप भट्टराई

इतिहासमा दर्ज हुने किसिमका राजनीतिक घटनाहरू गराउँदै पुस बिदा भयो । नेपालमा गणतन्त्र स्थापनापछि पहिलोपटक प्रचण्ड बहुमतका साथ सबैभन्दा धेरै सांसदको विश्वासको मतसहित माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री नियुक्त भए । केही दिनअघि विराटनगरको पुरानो, २०१५ सालमा स्थापना भएको एलिट क्लबमा वर्तमान राजनीतिका आयामहरू विषयमा चर्चा परिचर्चा हुँदैथियो । घरेलु राजनीतिको कुरा उठ्नु स्वाभाविक थियो ।

ठ्याक्कै विश्लेषण गर्न नसकिने राजनीति नै आजको नेपालको राजनीति हो । अचेल नेपाली राजनीतिका विश्लेषकहरू प्रतिकृया दिन सक्छन । उनीहरूलाई लाग्छ आजको राजनीति यसरी अघि सर्ला भन्न गाह्रो छ । यसका अनेक कारणहरू छन् । पार्टीहरु पार्टी जस्ता छैनन् । नेताहरु नेता जस्ता छैनन् । गठबन्धन सरकार छ । तर यसभित्र रंगहरुको बेमेल छ । जनता एक थोक चाहन्छन् । राज्य अर्को गर्छ । न पुराना दलहरू छन् न नयाँ भनिएकाहरूको संकेत राम्रो देखाउँदैछन् । त्यसैले हामीलाई लाग्छ यो कोइली हो तर कराउछ काग जस्तो । हामीले सोचेभन्दा फरक छन् अचेल हाम्रा नेता, पार्टी र राज्य ।

एकपल्ट हाम्रा पार्टीहरूलाई आजको चस्मा लगाएर सरसर्ती हेरौं । आफूलाई प्रजातन्त्रको हिमायती ठान्छ नेपाली कांग्रेस तर विडम्बना कस्तो छ भने कांग्रेसले महत्वपूर्ण निर्णयहरू केन्द्रीय समितिको बैठकबाट गर्दैन । महत्वपूर्ण निर्णय गर्ने दाइहरूको कार्यसम्पादन समिति छ । पार्टीका महामन्त्रीहरु पार्टीका निर्णय प्रक्रियामा आफु सामेल नभएको/नगराइएको प्रतिक्रिया दिन्छन् । उसका भातृ संगठनहरुका अधिबेशन गर्ने समय सीमाहरु धेरैचोटि मिचिसकिएका छन् ।

आफूलाई प्रजातन्त्र र लोकतन्त्रको मसिहा ठान्ने पार्टीले आफू सामेल नभएको गठबन्धनको प्रधानमन्त्रीको समर्थनमा विश्वासको मत दिन्छ । केपी ओलिको तेजोबोध गराउने गरि प्रचण्डले कांग्रेस फकाए कि कांग्रेसले आगामी दिनका लागि प्रचण्ड फकाए ती समयले बताउला तर के यो स्वभाविक छ ? कांग्रेस जगलाई नै छक्क पार्ने गरि कस्तो लोकतन्त्रको परिकल्पना गरिरहेको छ, जुन लोकतन्त्रको संसदमा प्रमुख प्रतिपक्षी दल नै छैन । तत्कालीन् अवस्थामा यिनै तर्कहरू काफी छन् - कांग्रेस सोचे जस्तो र खोजे जस्तो छैन ।'

संसदमा दोस्रो ठूलो दल छ एमाले । एमालेले अचेल निर्णय कसरी गर्छ ? हामीले देखिरहेकै छौं । यो पार्टीमा केन्द्रीय समिति छ । स्थायी समिति छ । पोलिटब्युरो छ । ती सबैभन्दा माथि अध्यक्ष केपी ओली छन् । उनीले बोलेको भन्दा फरक ती कुनै समितिले निर्णय गरेको सुनिदैन । पार्टीमा हुनुपर्ने वैचारिक बहस, तर्क वितर्क पार्टी बाहिर बसिरहेका हामी देख्दैनौं ।

अचेल एमाले पार्टीभन्दा पनि केपी ओलीको क्लब जस्तो हुदैछ । त्यतिमात्र होइन काम गर्ने सवालमा समेत नेपालमा श्रमजीवी वर्गको हितका निम्ति सबैभन्दा पहिले स्थापित नेपाल कम्युनिष्ट पार्टीको लिगेसी आफूसँग भएको दाबी गर्ने पार्टीले खास श्रमजीवी वर्गको हितका निम्ति कति योगदान गरिरहेको छ भन्ने आजको प्रश्न अनुत्तरित नै छ ।

रवि लामिछाने कानुनको सर्वमान्य र अत्यन्तै प्रचलित 'कानुनको अज्ञानता अक्षम्य हुन्छ' भन्ने सिद्धान्तको प्रतिकूल आफ्ना कुराहरु राख्दा अत्यन्तै विवादास्पद र अपरिपक्व देखिएका छन् । उनकाविरुद्ध केही प्रश्नहरू आइरहेका छन् । ती प्रश्नहरुका ठोस उत्तर दिनेभन्दा भावनात्मक रुपले जनता भड्काउने अभिव्यक्ति आउनु राम्रो संकेत देखिएको छैन

अहिलेको सरकारको वैचारिक धरातलमा प्रश्न नै प्रश्न छन् । गणतान्त्रिक र संघीयता र धार्मिक निरपेक्षताको वकालत गर्नेहरुको बहुमत रहेको सरकार छ । सरकार लाई वामपन्थीहरुको मात्र उपस्थिति छैन । यसो हुँदा हुदै पनि सरकारमा एउटा अभूतपूर्व पार्टी छ-राप्रपा । राप्रपा भन्नलाई त संघीयता विरोधी पार्टी हो । हेर्नुस त आफ्ना सांसद भएको प्रदेशमा सबैभन्दा पहिले मन्त्री उसैले दाबी गर्दैछ । उसको प्रेम छ प्रदेश सरकारमा । उसको लसपस छ गणतन्त्रवादीसँग । अनि चाहन्छ राजतन्त्रको पूनर्वहाली । यो भन्दा ठूलो विरोधाभाष के हुन्छ ?

हामीलाई थाहा छ व्यवस्था ठीक नहुँदा राजनीतिक दलहरू व्यवस्था परिवर्तनका आन्दोलनहरुमा सक्रिय रहनु पर्दछ । हाम्रो देशमा व्यवस्था परिवर्तनको मुद्दा खास दल र बहुसंख्यक जनताका निम्ति अहिले सकिएको छ । गएको निर्वाचनको परिणामले त्यसै भन्छ ।

यस्तो अवस्थामा राजनैतिकदलहरुका मुद्दाहरु जनजीविकाका सवालमा, शिक्षा, स्वास्थ्य, रोजगारीका सवालमा केन्द्रीय हुनुपर्नेमा आज सबै दलहरुमा सत्ता केन्द्रीय चाख छ । अचम्म त यस्तो छ संसदमा गएर हाम्रा प्रश्नहरु बोलिदेलान भनेर जनताले विश्वास गरेका नया दलहरुलाई समेत सत्ताको स्वाद चाखिहाल्ने हतारो देखिन्छ । हिजो धेरै उपप्रधानमन्त्री बनाएको भनेर तत्कालीन सरकारहरु प्रति आगो ओकल्ने रवि लामिछाने स्वयम् चार मध्ये एक उपप्रधानमन्त्री थिए । उनको पार्टीले मन्त्रिपरिषद्को बैठकमा सहभागी हुन नपाउने राज्यमन्त्रीमा समेत आफ्ना सांसद पठाएर सरकारी स्रोतसाधन उपयोगमा मात्र चासो देखाएको हो कि भन्ने प्रश्न जन्माएको छ ।

अचम्म त्यतिमा सकिदैन । रवि लामिछाने आफैंमा नागरिकता सम्बन्धि मुद्दामा उनको विरुद्धमा फैसला आएको छ । उनको पार्टीले पठाएको श्रममन्त्रीविरुद्ध केही थान मुद्दा दर्ता भएका भनेर समाचार नै आइसकेका छन् । स्वार्थ बाझिनेलाई मन्त्री बनाउन नचाहेको भए गजब हुने थियो । अवस्था यता नि फरक देखिएको छैन । यद्यपि उनको पार्टीले सरकार छोडिसकेको छ । रास्ट्रिय स्वतन्त्र पार्टीले सर कार मात्र छोडेको छैन केही अनुत्तरित प्रश्नहरु समेत छोडेका छन् । आफूले गृहमन्त्री नपाउँदा सरकार छोडेको भन्ने हल्ला चलिरहँदा नेपालका संचारकर्मीहरु र उनका आलोचक माथि अनेक लान्छना लगाएका छन् । उनले कानुनको सर्वमान्य र अत्यन्तै प्रचलित 'कानुनको अज्ञानता अक्षम्य हुन्छ' भन्ने सिद्दान्तको प्रतिकूल आफ्ना कुराहरु राख्दा अत्यन्तै विवादास्पद र अपरिपक्व देखिएका छन् । उनकाविरुद्ध केही प्रश्नहरु आज पत्र-पत्रिकामा आइरहेका छन् । ती प्रश्नहरुका ठोस उत्तर दिने भन्दा भावनात्मक रुपले जनता भड्काउने अभिव्यक्ति आउनु राम्रो संकेत देखिएको छैन । यसले विस्तारै 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने चर्चित कथनले फेरी बजार तताउला जस्तो देखिन थालेको छ ।

कमिकमजोरीका शृंखला त्यतिमात्र छैनन् । हामी कहाँ गठबन्धनको सस्कृतिमा परिपक्वता देखिंदैन । कुनै पनि गठबन्धन एक कार्यकाल समेत टिकेको इतिहास छैन । पछिल्ला केहि वर्षलाई मात्र हेर्ने हो भने पनि हिजो कांग्रेससँग मिलेर सरकार बनाएको माओवादिले एमालेसँग पार्टी एकीकरण गर्यो र नेकपा बन्यो । नेकपा टुक्राएर कांग्रेस सग गठबन्धन गर्दै सरकार निर्माण गरेको र चुनावमा होमिएको माओवादी फेरी एमालेसँग सहकार्यमा सरकार निर्माण गर्छ । राजनीतिमा स्थायी सत्रु र स्थायी दुश्मन हुदैनन् भन्ने भाष्य हाम्रो देशका राजनैतिक दलहरुले यसरि प्रमाणित गर्दैछन् कि भोलि कसैले यो भाष्यलाई गलत सावित गर्न नसकोस् । हाम्रा इमान, नैतिकता माथि अनेकौ प्रश्न हुदाँसमेत समीक्षा र आत्मआलोचना हाम्रा नेता र दलहरुका विषय नै भएका छैनन् । राजनैतिक दलहरुले जनतामा विश्वास जगाउनु पर्दछ । आफै सत्ता र सक्तिको पुजारीको रुपमा मात्र रहेका आफ्नो मात्र दुनो सोझ्याउन लागेका दलहरुले के जनतामा विश्वास जगाउन सक्लान ? जनतामा आशाका संचार गर्न सक्लान ?

यसरि राजनीतिक दलहरु, तिनका नेताहरु र तिनका काम गर्ने तौर तरिकाहरु प्रति आम नागरिकहरुका प्रसस्त प्रश्नहरु छन् । निराशा छ । छटपटी छ । केही दिन अघि प्रसारण भएको विश्लेषक सिके लालको विश्लेषण सुन्ने हो भने आजका राजनीतिक दलहरु संग दलीय विशेषताहरु छैनन् । भर्खरै आएको उनको एक अन्तरवार्तामा उनी भन्छन्, 'हाम्रा देशमा अहिले दल होइन ठूला व्यक्तिहरूले बनाएको गुट हो । देखिन्छ पनि त्यस्तै । अहिले दल र र ाजनीति व्यक्तिवादी भैरहेको छ । अहिले दलहरु व्यक्ति केन्द्रित हुने पार्टीभित्र पनि कोही नेतालाई नेता मान्ने भन्दा देवत्वकरण गर्ने र प्रत्येक पार्टीमा एउटा देवता रहदा दल भित्र बहस र आवश्यक अन्तरविरोध वा द्वन्द्व नहुँदा दल रुपान्तरणमा प्रभाव परिरहन्छ ।

यी सबै हेर्दा दलहरु सच्चिनु जरुरी छ । उनीहरुले वैचारिक रुपले प्रस्ट हुनु जरुरी छ । जनता इमान अपेक्षा गरिरहेका छन् । आफ्ना मूल्य र मान्यतामा स्पष्ट दल हामी खोज्दछौं । हामी खोज्दछौं उस्तै उस्तै रंगहरुको मेल । आफूलाई एउटा रुपमा प्रस्तुत गर्ने अनि व्यवहार भने अर्कै देखाउने दलहरू हामीलाई अब पनि चाहिएको छैन । मुखुण्डो खोलेका नेताहरू र दलहरू हामी खोजिरहेका छौं । हाम्रा दलहरुले हामीलाई भनिदिनु पर्यो उनीहरु काग हुन् कि कोइली ? गौथली हुन् कि चिल ? हामीलाई काग हो भने काग कै जस्तो चरित्र चाहिएको हो । कोइली हो भने कोइलीकै जस्तो । गौथली हो भने गौथली जस्तै । गौथली जस्तो देखिएर चिल जस्तो चरित्र पनि हामी आश गर्दैनौ न कि कोइली जस्तो देखिएर काग जस्तो ।

(साभार:)

# देखिने विकास, नदेखिने भ्रष्टाचार

सीएन थारु

विकास के हो ? विकास भौतिक पूर्वाधार मात्र हो त ? सामान्यतया विकासको महल ठडिँदै गर्दा भ्रष्टाचारबारे गाउँ टोलमा चर्चा सुरु भइहाल्दो रहेछ । नहुनु पनि कसरी ? संसारमा असफल भइसकेको उपभोक्ता समितिको माध्यमले विकास कार्य गर्ने नीति अहिले पनि नेपाल सरकारले अगाडि बढाउन लागि परेको छ ।

स्थानीय तहको विकास आयोजनाहरु भ्रष्टाचारमुक्त हुने नारा चुनावताका सबै दलका उम्मेदवारले बोके तर जब ती आयोजनाहरु कार्यान्वयनको चरणमा पुग्दछन्, सबैले भ्रष्टाचार नदेखिने गरी गर्न पुग्नु उनीहरुको दक्षता मानिन्छ ।

अर्थात् विजयी घोषणा भएका जनप्रतिनिधीहरुको दक्षताको सूचाङ्क उनीहरुले सेटिङ्गमार्फत् निरन्तरता दिने गरेको विकास हो । यस्तो कहालीलाग्दो समयमा समेत मतदाताहरु केही बोल्न नसक्नुको कारण उनीहरु मतदान पश्चात जनताको हैसियतबाट च्यूत बन्न पुगेको हो भन्ने बुझ्न सकिन्छ ।

विकासले नै मानिसको जनजीविका सहज बनाउँदै लग्ने हो । अर्थात् विकाससंग मानिसको जीवन जोडिएको हुन्छ । मानिसको लागि जीवन अति प्यारो हुने हुँदा उनीहरु विकासको नाममा जीवनसंग सम्झौता गर्ने पक्षमा देखिन्नन् ।

तर विकासको नाममा लोभिने औसत मानिसहरु विकासलाई भौतिक पूर्वाधारसंग मात्र जोडेर हेर्ने गर्छन् । त्यसैले, अग्ला अग्ला भवन, चौडा बाटो, मोटर गाडीको सुविधा, शिक्षा-स्वास्थ्यको सहज उपलब्धता आदि विकासको परिभाषा अन्तरगत समेटिन्छन् ।

यसरी विकास शब्दसंग आकर्षण हुन्छ र विकासको रंगिन दुनियाँमा मानिसहरु भुल्ने गर्दछन् । आज विकासको लाभ सीमित मानिसहरुले मात्र लिन सकेको जनगुनासो सर्वत्र पाइन्छ ।

विकासको आफ्नो अर्थराजनीति हुन्छ । यसले नै विकासको लाभ कसले लिन सक्ने भन्ने विषयको छिनोफानो समेत गर्दछ । साथै विकाससंग ज्ञान जोडिएर आएको हुन्छ र सो ज्ञानमा जसको पहुँच हुन्छ, अन्ततः उसैको भागमा विकास फलदायी हुने देखिन्छ ।

विकासको मोडेलमा सहभागितामुलक विकासको नमुनाको रुपमा कुनैवेला प्रगन्ना सिंचाई मानिन्थ्यो । दाङको देउखुरी उपत्यका सिँचाइ गर्ने सो आयोजनाको व्यवस्थापन समेत प्रगन्ना भरिका अगुवाहरुको नेतृत्वमा हुन्थ्यो ।

प्रगन्नाको इतिहास लामो भए पनि हाल ती जस्ता नमुना विकासको विस्थापन भएर उपभोक्ता समिति बनाई काम हुँदै आएको र



अर्कोतिर विकाससंग जनता जोडिन नसकेको स्थिति छ । विकासको मापदण्ड लगायत स्तरीयताबारे कसैले खोजी नगर्ने हुँदा स्थानीय तहका विकास योजनाहरु लथालिंग हुने गरेका छन् । काम सम्पन्न हुँदै गर्दा समेत यी विकास आयोजनाहरु कर्मचारी तथा उपभोक्ता समितिको मिलोमतोमा सार्वजनिक सुनुवाई विना नै हिसाव किताव फछ्र्यौट गरिन्छ ।

यसखाले गतिविधिले बेरुजु नदेखिने गरी उपभोक्ता समितिका पदाधिकारीले छुटकारा पाउँछन् । नदेखिएको भ्रष्टाचारको जरो पत्ता लगाउन जटिल बनाएको यही कारणले हो । भ्रष्टाचारमार्फत् देश झन् झन् गरिब हुनु र विश्व रंगमञ्चमा अल्पविकसित देशको पहिचान पाउनु आफैंमा लाजमर्दो विषय हुन् ।

सरकार चलाउने उपरोक्त पुरानो कार्यशैली बदलनैपर्छ । जनताको सुविधा वितरणमा सरकार जिम्मेवार बन्ने हो भने सबैभन्दा पहिला गाउँ गाउँमा सिंहदरबार भन्ने नारा उल्ट्याउन सक्नुपर्छ ।

यतिखेर नयाँ सरकारको अगमनसंगै कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने काम अगाडि बढेको हुनुपर्छ । नारा फेरि पनि समृद्ध नेपाल-सुखी नेपाली नै काफी होला । यो नेपालको नयाँ पहिचान दिन सफल हुने संकल्प हुन्छ कि हुन्न ? गठबन्धन दलहरुबीच सम्झौता गरेर कार्यक्रम तयार गर्ने कि गर्नैपर्ने कामहरुको प्राथमिकीकरण गर्ने ? त्यस्तै, जनसहभागितामा विकासको सपना बुन्ने कि कार्यकर्ता पोषणका लागि उपभोक्ता समिति बनाएर विकास कार्य अगाडि बढाउने ? भन्ने सवाल जिउँदो छ ।

दलहरुलाई स्पष्ट नै छ कि स्वार्थ बाझ्ने र जानी जानी बझाउने काम आत्मघाती हुनेछ । तर पनि यो सरकार स्वार्थको मिलनबीच निर्माण भयो । यो सरकारले समेत जोखिम लिएर अगाडि जाला, त्यो छाँट देखिन्न ।

यतिसम्म कि राजनीतिक निर्णय लिन त टाढाको कुरो भयो । जनता माझ यसखाले अविश्वास किन बढेर आयो ? कुनै दललाई हेक्का छ कि भन्ने संकेतसम्म पाइँदैन । सबै आफ्नो आफ्नो दाउ कुशलतापूर्वक लगाएको महसुस गर्दैछन् ।

सरकार चलाउने उपरोक्त पुरानो कार्यशैली बदलनैपर्छ । जनताको सुविधा वितरणमा सरकार जिम्मेवार बन्ने हो भने सबैभन्दा पहिला गाउँ गाउँमा सिंहदरबार भन्ने नारा उल्ट्याउन सक्नुपर्छ ।

त्यसको अर्थ गाउँ गाउँमा सक्षम र अधिकार सम्पन्न सरकार निर्माणको विधि पद्धति मिलाउनु जरुरी छ । अर्थात् स्थानीय तह दलविहीन स्वरुपको ढाँचामा निर्माण गर्ने नीति अबलम्बन गर्नुपर्छ । यसो हुन गयो भने सक्षम व्यक्तिहरुको छनौट निर्वाचनमार्फत् हुने सम्भावना जीवित रहने भयो भने अर्कोतिर कार्यकर्ता पोषणका लागि उपभोक्ता समिति भन्दा अर्को विकल्पको खोजी गर्न स्थानीय सरकार ऐन निर्माण गर्न प्रयत्न गर्ने भए ।

दोश्रो, सामाजिक तहमा पृष्ठभूमिमै गएर दलहरुले आफ्नो तहगत संरचना निर्माण गर्न जोड दिने स्थिति कम रहने हुँदा वहस स्थानीय ज्ञान र प्रविधिमा केन्द्रित रहने देखिन्छ । ती ज्ञान र प्रविधिले निर्माण गर्ने मूल्यहरुको जगमा नयाँ सामाजिक चेतना स्वस्फूर्त पलाउने छ, जसले स्वत्वको भाव झल्किने भयो ।

साथै, आत्मनिर्भर हुने अर्थतन्त्रको जग नयाँ चेतना जब सामूहिकतातर्फ आकर्षित बन्दै जान्छ, स्वाभिमानका मनोदशा सशक्त हुँदै जान्छ । यही सन्दर्भमा नदेखिने भ्रष्टाचारको जरासमेत कमजोर हुने देखिन्छ, कारण भ्रष्टाचारलाई भरथेग गर्ने राजनीतिक संरक्षण कर्मचारीलगायत कार्यकर्ताहरुले पाउने सम्भवाना न्यून हुँदै जान्छ ।

जसरी देहिक विकासको परिभाषा अन्तरगत फुकेको देहले नकारात्मक सन्देश दिन्छ, त्यसरी नै भौतिक पूर्वाधारको विकास मात्रले समाजमा नकारात्मक सन्देश दिन्छ । समाज बलियो बनाउने उपायमध्ये भौतिक पूर्वाधारको विकास त्यस क्षेत्रका जनतालगायत अन्यको आर्थिक संघर्षमा समेत टेवा पुर्याउने हुनुपर्दछ । अर्थात् पूर्वाधार विकाससंग उसको जीवन जोडिनु जरुरी हुन्छ ।

राज्यबाट सुरक्षाको ग्यारेन्टी भएको अनुभूति यही भौतिक पूर्वाधारको विकासमार्फत् जनताले महसुस गर्न पाउनुपर्छ । त्यसो भएमा राजस्वमा छली, समयमा कर नबुझाउने पर म्परालगायत देशलाई घाटा पुर्याउने काम न्यून बन्दै जानेछ ।

भ्रष्टाचारको घटनामा शुन्य सहनशिलता अपनाउने नारा सार्थक बन्न सकेको छैन । नीतिगत भ्रष्टाचार त वहसमा नै छिरेको पाइँदैन । कानुनी छिद्र कायम राखी भ्रष्टाचार उन्मुलनको कामले जस पाउने देखिदैन कारण पहुँचवालाहरु यही कानुनी छिद्र प्रयोग गरेर उम्किने ठाउँ पाएका छन् ।

जनताको नजरमा भ्रष्टाचार गरेको व्यक्तिहरु कसरी कानुनी रुपमा चोखिए त ? अदालती फैसला पक्षपाती हुन्न भन्ने ठाउँ जनतामाझ उपलब्ध छ ? जे होस् जिम्मेवार न्यायाधीशलगायत कानुनका विद्यार्थीहरु नै यसमा अस्वीकारोक्ति व्यक्त गर्दछन् । हाम्रो अन्तर मनको चाहना हो, देश विकसित होस् । साथै, देशलाई आवश्यक सबै सहयोग गर्न तयार जनता समृद्ध नेपालको चाहना वर्षौंदेखि बोक्दै आएका छन् । त्यसका लागि राष्ट्रिय पूँजीले बढी भन्दा बढी निर्माण होस् भन्ने आकांक्षा समेत बोक्छन् ।

यतिवेला नव धनाढयहरु बढोत्तरी नभएका होइनन् तर राष्ट्रिय पूँजीपतिको कमी अहिले पनि छन् । नवधनाढयको आम्दानीको श्रोत राजनीतिक शक्ति बनेको घामझैं छलङ्गै छ । गैरउत्पादन क्षेत्रमा लगानीमार्फत् जसरी नाफा असुल्ने भए, त्यसले पूँजीपति निर्माणमा अवरोध पुर्यायो । देश जहिले पनि व्यापार घाटा सहँदै आयो ।

धन्न, साना किसानहरु जो केही मात्रामा देशलाई उत्पादन क्षेत्रमा योगदान दिँदै आएकोले आर्थिक संकट भोग्नबाट देश जोगिएको छ । अन्त्यमा, राज्यले अब यही साना किसानको हितलाई केन्द्रमा राखी नीति तर्जुमा गरुन् ता कि देशको अर्थतन्त्रको जग भत्किन नपाओस् । अर्थात् विकासका योजनाहरु चमक दमक भएका कम्पनीहरुको स्वार्थपूर्तिका लागि भन्दा ग्रामीण साना किसानहरुको हित गर्ने नीतिले नयाँ सरकारको भ्रष्टाचार नियन्त्रण गर्ने पाइला संकेत गर्ने हो । फेरि पनि देखिने विकास भित्र नदेखिने भ्रष्टाचार मौलाउन नपाओस् ।

*(साभार: रातोपाटी)*

# डेमोक्रेसी समिटमा प्रचण्डलाई अमेरिकी राष्ट्रपतिको निम्तो

काठमाडौं/कुनै बेला 'अमेरिका' भनिसक्दा साम्राज्यवाद मात्र बुझ्ने माओवादी बदलिँदै छ भन्ने बुझ्रेर हुनुपर्छ, यसपल्ट उसले त्यसका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई वासिङ्टन डिसी आउन निम्तोपत्र पठाएको छ ।

अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग युएसएआईडीकी प्रमुख सामन्था पावरले अमेरिकी दुतावासमार्फत प्रधानमन्त्री प्रचण्डलाई अर्को महिना हुने डेमोक्रेसी समिटका लागि निम्तो गरिएको जानकारी दिइन् ।



परराष्ट्र मन्त्रालयले उक्त सूचना पुष्टि गरेको छ । मन्त्रालयका उच्च अधिकारीले दिएको जानकारी अनुसार अमेरिकी विदेश मन्त्रालयबाट प्रचण्डका लागि निम्तोपत्र आइसकेको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनका तर्फबाट अर्को महिना आयोजना हुने डेमोक्रेसी समिटका लागि प्रचण्डलाई निम्ता पठाइएको परराष्ट्रका उच्च अधिकारीले बताए ।

प्रधानमन्त्री प्रचण्डको सचिवालयले भने नेपालमा उक्त समिटका बेला राष्ट्रपति चुनाव पर्न सक्ने भएकाले भ्रमण हुने या नहुने बारेमा स्पष्ट भन्न सकेन । यद्यपि हाल तोकिएको कार्यसूची अनुसार त्यस बेलासम्म राष्ट्रपति चुनाव सकिइसक्छ ।

'प्रधानमन्त्रीले अमेरिकाको तर्फबाट प्राप्त निम्तोलाई सकारात्मक रुपमा लिनुभएको छ, त्यसका लागि उहाँले धन्यवाद पनि भन्नुभएको छ', बालुवाटार स्रोतले भन्यो, 'तर भ्रमणको समय तालिका अझै निश्चित नभएकाले अहिले नै भन्न सकिएन ।'

युएसएआईडीकी प्रमुख सामन्था पावरले बुधबार काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा यसको बारेमा विस्तृत जानकारी दिएकी थिइन् । सोधिएको एक प्रश्नको जवाफ दिने क्रममा सुरुमा उनी अलमलिँदै नेपालका लागि अमेरिकी राजदूत डिन थोम्पसनको इशारा बुझ्न खोजिन् । थोम्पसनले उक्त निम्तो दिइसकिएको बताए । त्यस लगत्तै उनले दुईवटा सन्देश प्रवाहित गरिन् ।

एक- मार्च २९-३० (चैत १५-१६) डेमोक्रेसी समिटमा प्रचण्डलाई निम्तो पठाइएको छ, नेपालको लोकतन्त्र सबल बनाउन अनि शान्तिप्रक्रिया टुंग्याउन नेपालका प्रधानमन्त्रीले दिएको सकारात्मक जवाफका लागि । 'उहाँले लोकतन्त्रलाई बलियो बनाउन र विगतको हिंसाका क्रममा उठेका विषयलाई तार्किक निश्कर्ष दिन सकारात्मक हुने प्रतिबद्धता जनाउनु भएको छ', उनले पत्रकारसँग भनिन् । उनले ती प्रतिवद्धता पालना गर्ने अवसरका रुपमा उक्त समिट प्रयोग हुन सक्ने भन्दै नेपाली माओवादीसँगका आफ्ना अपेक्षा पनि लुकाइनन् ।

दुई- तर त्यो समिटका अधिकांश सत्र भर्चुअल हुने छन् । उसो त अहिले कोभिड-१९ जस्तो महामारी अहिले छैन, जसका लागि कठोर स्वास्थ्य संवेदनशीलता अपनाउनु परोस् । तर अमेरिकाले सम्भावित प्रदर्शन आदिको 'खतरा' देखेर हुनुपर्छ, कतिपय देशका प्रतिनिधिलाई भने भर्चुभल भेलामा जोड्ने छ । परराष्ट्र मामिलाका जानकारहरुको बुझाइमा विभिन्न देशका प्रतिनिधिहरुको मानवअधिकार तथा लोकतन्त्रको ट्र्याक रेकर्ड कमजोर देखिँदा समिटस्थल अगाडि नाराजुलुस हुन सक्ने स्थितिबाट अमेरिका जोगिन चाहेको हुन सक्छ ।

विगतमा हिंसात्मक युद्ध हाँकेर सत्तारोहण गरेका प्रधानमन्त्री प्रचण्डका हकमा पनि त्यो लागु हुन सक्छ । पाँच वर्षअघि पत्नी सीता दाहालको उपचारार्थ अमेरिका जाँदा व्यक्तिगत हैसियतको भ्रमण भए पनि प्रचण्डविरुद्ध प्रदर्शन हुन सक्ने भन्दै निर्धारितभन्दा भिन्न मार्गबाट गाडी कुदाइएको थियो ।

यसपल्ट अमेरिकालाई अझै सहज बनाउन हुनुपर्छ- प्रचण्डले आफू २३ वर्षको हुँदा पहिलो जागिर उनै सामन्था पावर चिफ रहेको संस्था युएसएआइडीमा खाएको समेत स्मरण दिलाए । कुनै बेलाका कट्टर कम्युनिस्ट प्रधानमन्त्रीले यस्तो सम्झना गराउनु यी उच्च तहकी अमेरिकी कुटनीतिज्ञका लागि रोचक कुरा थियो ।

प्रचण्डको सम्भावित अमेरिका यात्राका केही आयामहरु छन् । दक्षिण तथा पूर्वी एसियाको भूराजनीतिक 'व्यवस्थापन' गर्न अमेरिकाले चाहेको छ । खासगरी यो क्षेत्रमा अमेरिकासँग प्रतिद्वन्द्विता गरिरहेको चीनले विकास र आर्थिक सहायतामा गरिरहेको आक्रामक लगानीले वासिङ्टनलाई झस्काएको छ । प्रचण्डले भने हामी केही सम्पादकहरुसँग अघिल्लो साता कुरा गर्दै आफ्नो पहिलो विदेश यात्रा भारतबाट सुरु हुने खुलाएका छन् ।

स्रोतका अनुसार त्यस लगत्तै उनी चीन जाने लगभग तय छ । बालुवाटार सूत्रका अनुसार राष्ट्रपति चुनाव अगाडि उनी दुवै भ्रमण भने गर्ने छैनन् ।

नेपालमा नयाँ सरकार बनेसँगै पछिल्लो एक महिनायता चार महत्वपूर्ण कुटनीतिक भ्रमण गराएर अमेरिकाले यो सन्देश परोक्ष रुपमा दिएको छ । तर बुधबार सामन्था पावरले नेपालमा गरिरहेको लगानीका पछाडि कुनै भूराजनीतिक पृष्ठभूमि नरहेको दाबी गरेकी छन् ।

'भूराजनीति परिवर्तन भइरहन्छ । शीतयुद्धभन्दा अघि भूराजनीति एक ठाउँ थियो र शीतयुद्धमा अर्को, त्यसपछि अर्को भयो । तर हामी काममा केन्द्रित हुनेछौं, नेपाललाई अमेरिकाले गरेको सहयोगलाई भूराजनीतिक विषयसँग नजोड्नुहोला', उनले भनिन्, 'हामी साथमा काम गर्नेछौं, अमेरिकाले नेपालमा गर्ने लगानी कुनै भूराजनीतिक आयामको उत्पादन हो भनेर हामीले लिएका छैनौं । नेपालसँग हामीले विगतयता गरेको प्रतिवद्धताको प्रतिफल हो यो ।'

सामन्था पावरले यति भन्दैगर्दा स्वयं अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी)को पृष्ठभूमि नै भूराजनीतिसँग जोडिने गर्छ । काठमाडौंमा वाम सरकार बनेसँगै चीनको पोल्टामा नेपाल गएको चर्चा हुने गर्छ । प्रचण्ड तेस्रोपल्ट प्रधानमन्त्री बन्दैगर्दा उनलाई अर्को ठूलो वाम शक्ति एमालेको साथ छ । अमेरिका र पश्चिमसँग तुलनात्मक नरम मानिएको कांग्रेस अहिले प्रतिपक्षमा छ ।

यसअघि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री छँदा बेला एमसिसीको सन्दर्भमा अमेरिकालाई संयुक्त चिठीमा हस्ताक्षर गरेर प्रचण्डले विश्वासको वातावरण बनाउन खोजेका थिए । यसलाई उनको अमेरिकालाई हेर्ने दृष्टिमा आइरहेको बदलावसँग जोडेर टिप्पणी गरिएको थियो । नेपालमा चीनको बढ्दो प्रभाव घटाउन तथा पुरानो बर्चस्व कायम राख्दै वाम शक्तिहरुलाई निकटमा राख्न अमेरिकाले डेमोक्रेसी समिटमा निम्ता दिएको हुन सक्ने बताउँछन् कुटनीतिक जानकारहरु ।

अमेरिकाका लागि दुईपल्ट राजदूत रहिसकेका पूर्वमन्त्री भेषबहादुर थापाले यसपल्ट प्रचण्डलाई आएको अमेरिकी निम्तो स्वाभाविक रहेको टिप्पणी गरे । विगतमा हिंसात्मक युद्धबाट नेतृत्वमा उदाए पनि प्रधानमन्त्री बन्न प्रचण्डले प्रजातान्त्रिक बाटो अवलम्बन गरेको, अनि संविधानमा लोकतान्त्रिक मान्यताहरु प्रवेश गराउन भूमिका खेलेका कारण अमेरिका उनीसँग आश्वस्त देखिँदै गएको हुन सक्ने उनको भनाइ छ ।

'हुन त उहाँको पहिले पनि अमेरिका भ्रमण भएको हो, तर अहिले प्रधानमन्त्रीका रुपमा उहाँलाई दिएको निम्तोका पछाडि उहाँले खेलेको भूमिकाकै मूल्यांकन भएको हुनुपर्छ', उनले भने, 'शान्ति प्रक्रियामा के प्रगति भएको छ भन्नेबारे पनि उहाँले आश्वस्त गर्नुभएकै होला, अनि प्रगति भयो कि भएन भन्ने कुरा चाहिँ अमेरिका आफैंले महसुस गर्ने कुरा हो । समग्रमा चाहिँ उहाँ लोकतान्त्रिक बाटोबाटै सत्तामा पुग्नुभएको भन्ने कुराको अर्थ छ अमेरिकाका लागि ।'

*(स्रोत: अनलाइनखबर)*

# विप्लवद्वारा दलाल पुँजीवादविरुद्ध लड्ने उद्घोष

काठमाडौं/नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले दलाल पुँजीवादविरुद्ध लड्ने उद्घोष गरेका छन् । बुधबार काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा पत्रकार सम्मेलन गर्दै विप्लवले सर्वत्र दलाल पुँजीवादको बिगबिगी भएको भन्दै योजना र कार्यक्रम बनाएर अघि बढिने दाबी गरे ।



कपिलवस्तुको शिवगढीमा दुई हप्तासम्म बसेको केन्द्रीय समिति, पोलिटब्यूरो र सचिवालय बैठकको निर्णय सुनाउन आयोजित पत्रकार सम्मेलनमा बोल्दै विप्लवले दलाल पुँजीवादका विरुद्ध लड्नुको विकल्प नरहेको बताए । गत माघ २ गते देखि १३ गतेसम्म बसेको विभिन्न कमिटीको बैठकका १३ बुँदे निर्णय सार्वजनिक गर्दै विप्लवले यतिबेला देश अग्रगमन र यथास्थितिवादको संघर्षको चरणमा रहेको जिकिर गरे ।

'दलाल पुँजीवाद सत्ता र व्यवस्थाका कारण देशमा राजनीतिक अस्थिरता, अराजकता र भूमण्डलिकृत पुँजीवादको हस्तक्षेप बढिरहेको छ । आर्थिक संकट चुँलिदै जाँदा नागरिकहरुको जीवन कष्टकर बन्दै गएको छ' विप्लवले भने, 'एकातिर केही सय परिवारको हातमा देशको आधा सम्पत्ति थुप्रिन पुगेको छ भने अर्कोतिर आर्थिक संकट र शोषणले मजदुर किसान मध्यमवर्ग र राष्ट्रिय उद्योगीहरु सडकमा पुग्ने र बिचल्ली बन्ने अवस्था बनिरहेको छ ।'

दलाल पुँजीवादका कारण तराईमा मिटर ब्याजीहरुको अत्याचार, पहाडमा लघुवित्तको शोषण र सहरमा बैंकको चर्को ब्याजका कारण जनता आहात भएको विप्लवले टिप्पणी गरे । तराईका मिटर ब्याजीका विरुद्ध लड्दा आफ्ना दर्जनभन्दा बढी कार्यकर्ता राज्यले पक्राउ गरेको भन्दै विप्लवले आपत्ति जनाए । राज्यले नै सबै क्षेत्रका दलाललाई संरक्षण गरेकाले लड्न कठिन भइरहेको बताए ।

देशमा विचौलियाको चलखेल, शैक्षिक बेरोजगारी र मानव तस्कर र विदेशी एकाधिकारवादी पुँजीवादको दबदबाले जनता छटपटाई रहेको विप्लवले जिकिर गरे । दलाल पुँजीवादकै कारण भूमण्डलीकृत साम्राज्यवादीहरुको हस्तक्षेपबाट देश नवउपनिवेशको अवस्थामा पुग्न थालेको विश्लेषण उनले सुनाए । संसदवादी दलहरु जनतालाई राहत दिने भन्दा आफ्नो पद, कुर्सी, फाईदा र भागवण्डाको तानातानमा मस्त रहेको विप्लवले आरोप लगाए ।

'अहिलेको आर्थिक संकट जनचाहना विपरित लादिएको दलाल पुँजीपति वर्गको सत्ता र पुँजीवादी संसदीय व्यवस्थाको अफलताले पैदा भएको संकट हो' उनले भने, 'यसको अग्रगामी समाधान वैज्ञानिक समाजवादी सत्ता र व्यवस्था मात्र हो । त्यसका लागि पार्टीले दलाल पुँजीवादी सत्ताको विकल्प वैज्ञानिक समाजवादी सत्ता भन्ने राजनीतिक नारालाई मुख्य बनाउने निर्णय गरेको छ । संसदमा रहेका विभिन्न कम्युनिस्ट पार्टी र अन्य राजनीतिक दलहरुसँग राज्य रुपान्तरणका मुद्दाामा बहस गर्दै जानेछौं ।'

शिक्षा, स्वास्थ्य, निजामति, अदालत र सुरक्षा निकायमा मौलाउँदै गएको दलाल पुँजीवादका विरुद्ध कार्यक्रम बनाएर अघि बढिने विप्लवले बताए । राष्ट्रिय स्वाधिनताका विरुद्ध अघि सारिएका एमसीसी, एसपीपी, अग्निपथ, माथिल्लो कर्णाली, अरुण तीन, महाकाली अतिक्रम र एनसेल कर असुलीविरुद्ध संघर्ष गरिने योजना उनले सुनाए ।

अहिलेको संसदीय चुनावबाट उदाएका रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी, सिके राउत नेतृत्वको जनमत र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी राजनीतिक सत्ता र शक्तिको विकल्प हुन नसक्ने विप्लवले बताए । यी दल संसदीय पार्टीहरुको अविश्वासका कारण अस्थायी रुपमा नयाँ शक्तिको रुपमा आएको नेकपाको विश्लेषण छ ।

दलाल पुँजीवादकै कारण नेपाली किसानले उत्पादन गर्ने वस्तुले मूल्य नपाउने अवस्था सिर्जना भएको विप्लवले बताए । 'नेपाल खाद्यान्नमा आत्मनिर्भर हुन नेपालकै खेतमा धान फल्नुपर्छ, नेपालका डाँडाकाँडामा फलफूल फल्नुपर्छ । नेपालको हिमालमा स्याउ फल्नुपर्छ', विदेशीले दुईचार हजार डलर दिँदैमा नाक र गडेर हिँड्न नहुने उनको भनाइ छ ।

'नेपालमा किसानहरूले आलु, साग, काउली लगायतका तरकारी फलाउँछन् । अनि भारतले सस्तोमा क्वारेन्टिन नगरी तरकारी पेलिदिन्छ । जब यहाँ नेपाली किसानको तरकारी बिक्री हुँदैन र फालिन्छ अनि अभाव सिर्जना हुन्छ । त्यसपछि महँगोमा भारतबाट तरकारी ल्याइन्छ । सानो सानो कुराबाट पनि पुँजी पलायन हुन्छ', महासचिव विप्लवले भने, 'नेपालमा क्वारेन्टिन नगरेको तरकारी आयात गर्न रोक्नुपर्छ । त्यो काम हाम्रो पार्टीले गर्छ गरिरहेको पनि छ ।'

(स्रोत: अनलाइनखबर)

# किसान आन्दोलनबारे उद्योग र कृषि मन्त्रालयबीच छलफल

काठमाडौं/आफ्नो उत्पादनले बजार नपाएको भन्दै किसानले चरणबद्ध आन्दोलन सुरु गरेपछि उद्योग र कृषि मन्त्रालयले उनीहरुको समस्या समाधानका लागि संयुक्त छलफल गरेका छन् ।

बुधबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको छलफलमा उद्योग र कृषि मन्त्रीले स्वदेशी कृषि उत्पादन खपतमा जोड दिने र गैर कानुनी कृषि उपज आयातलाई नियन्त्रण गर्न समन्वय बढाउनु पर्नेमा जोड दिएका हुन् ।

नेपालमा कृषि उपज उत्पादन र आयातको अवस्थाबारे आयोजित छलफलमा उद्योग मन्त्री दामोदर भण्डारीले भन्सार क्वरिन्टिन प्रभावकारी बनाउन, बजारीकरणमा सरकारी संयन्त्र प्रयोग गर्न सरकारी निकायलाई आग्रह गरेका थिए ।

किसानको उत्पादनले बजार पाउनु पर्नेमा विषय जोड दिँदै उनले स्वदेशी वस्तु प्रयोगको वातावरण बनाउन पनि आग्रह गरे ।

यस्तै कृषि मन्त्री ज्वालाकुमारी साहले किसान बचाउन अपनाउनु पर्ने विद्यमान कानुनको सही परिपालनमा जोड दिएकी थिइन् । किसानहरु कृषिमै टिकाउनु पर्ने भन्दै उनले त्यसका लागि उनीहरुको उत्पादनको बजार ग्यारेन्टी हुनुपर्ने बताइन् ।

किसानका समस्याहरु समाधान गर्न सरकारका सबै निकायले प्रभावकारी समन्वय गर्नुपर्ने, स्वदेशी उत्पादनको बजार सुनिश्चितताका लागि कानुनी व्यवस्थाको कार्यान्वयन गर्नु पर्नेमा जोड दिइएको थियो ।

आन्तरिक छलफलमा नेपालमा कृषि वस्तुको उत्पादन, उपभोग र आयातको अवस्थाबारे उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय सहसचिव डा. नारायणप्रसाद रेग्मीले कार्यपत्र प्रस्तुत गरेका थिए ।

'मन्त्रालयले आयोजना गरेको सरकारी संयन्त्रहरुको आन्तरिक छलफलमा कृषि र वाणिज्य मन्त्रीको जोड कृषक बचाउन स्वदेशी उत्पादन प्रयोग बढाऔं भन्नेमा थियो' प्रवक्ता समेत रहेका सहसचिव रेग्मीले भने, 'सरकार सबै नियकाले ध्यानपूर्वक कानुन पालन गरेर समन्वयात्मक भूमिका निभाउने विषयमा सहमत भएका छौं ।'

# भारतले बालुवा उत्खनन् गरेको ओरिया खोलामा भेटियो सीमा स्तम्भ

वीरगञ्ज/जिल्ला सुरक्षा समिति पर्साले ओरिया खोला क्षेत्रमा नदीजन्य पदार्थ (बालुवा) उत्खनन नगर्न भारतीय पक्षसँग आग्रह गरेको छ ।



भारतीय पक्षले ओरिया खोला ठेक्का लगाएर दैनिक सयौं टेलर बालुवा उत्खनन गर्दै आएको छ । बालुवा उत्खननकै क्रममा बाढीले बगाएको तथा पुरिएको सीमा स्तम्भ भेटिएपछि नेपाली पक्षले उक्त भूमि भारतकै हो भन्ने यकीन नभएकाले नदीजन्य पदार्थ नझिक्न आग्रह गरेको हो ।

तीन दिनअघि ओरिया खोलामा ४२२ नम्बरको मुख्य सीमा स्तम्भ भेटिएको थियो भने बुधबार ४२२/१ नम्बरको सहायक सीमा स्तम्भ बालुवाले पुरिएको अवस्थामा भेटिएको छ । स्रोतका अनुसार ओरिया खोला र आसपासको क्षेत्रमा मुख्य र सहायक गरी १६ वटा सीमा स्तम्भ हराएका थिए ।

जगरनाथपुर गाउँपालिका-१ पिपडारी हुँदै भारततर्फ जाने ओरिया खोलामा धमाधम सीमा स्तम्भ भेटिन थालेपछि जिल्ला सुरक्षा समितिले चासो दिएको थियो । प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको नेतृत्वमा जिल्लास्थित नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत सुरक्षा निकायका प्रमुख तथा स्थानीय पालिकाका प्रमुखले स्थलगत अवलोकन गरेका थिए ।

सीमा स्तम्भ भेटिएको क्षेत्र नेपाली भू-भाग हो कि भारतीय भू-भाग अथवा दशगजा क्षेत्र भन्ने टुंगो नलाग्दासम्म नदीजन्य पदार्थ उत्खनन नगर्न आग्रह गरिएको सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाले जानकारी दिए ।

'ओरिया खोला किनारमा दुई वटा सीमा स्तम्भ भेटिएको छ । त्यस क्षेत्रमा भारतीय पक्षले टेन्डर गरेर बालुवा पनि निकालिरहेको रहेछ' उनले भने 'पिलर भेटिएको तथा आसपासको क्षेत्रमा बालुवा निकाल्ने कार्य रोकिदिन भारतीय समकक्षीसँग आग्रह गरेका छौं ।'

सीमाको बारेमा टुंगो नलाग्दासम्म नदीजन्य पदार्थ उत्खनन कार्य स्थगित गर्न आग्रह गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए ।'दशगजा क्षेत्रमा कुनै पनि देशले नदीजन्य पदार्थ उत्खनन गर्न मात्रै होइन, कुनै पनि कार्य गर्न पाउँदैन । तर सीमा स्तम्भ भेटिएको क्षेत्रमा व्यापक उत्खनन भएको देखिएको छ', उनले भने ' कुन देशको सीमा कहाँसम्म हो ? त्यतिकै भन्न सक्ने अवस्था त छैन । तसर्थ तत्कालका लागि बालुवा उत्खनन कार्य स्थगित गर्न आग्रह गरेका हौं ।'

नेपाल तर्फका सुरक्षा अधिकारीको टोली ओरिया खोला पुगेपछि भारतीय सीमा सुरक्षा बल एसएसबीको टोली र भारतीय ठेकेदार पनि आइपुगेका थिए । उनीहरुले माथिल्लो निकायमा कुरा राख्ने प्रतिक्रिया दिएका छन् ।

जगरनाथपुर गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले भने भूमिको सुरक्षाका लागि नेपाल सरकारले आवश्यक कदम चाल्नुपर्ने बताए । 'ओरिया खोलामा भारततर्फ १ सय टेलर पनि बालुवा पुग्दैन, भारतीय पक्षले करोडौंको ठेक्का लगाउँछ । नेपाल तर्फ टेन्डर गर्न खोज्दा वातावरण नै बन्दैन' उनले भने 'पिलरको जगबाट नै बालुवा उठाएर लगेपछि वर्षायाममा आउने बाढीले बगाएर कता पुऱ्याईदिन्छ कता ? नेपाली भूमिको रक्षासँगै संघ सरकारले भारतीय पक्षसँग यो समस्याको दिगो समाधान खोज्नुपर्छ ।'

दशगजा पहिचान गरेर आसपासको क्षेत्रमा उत्खननमा रोक लगाउने हो भने मात्रै सीमा स्तम्भ र नेपाली भूमि जोगाउन सकिने तर्क उनको छ । ' पानी दक्षिणतिरै बग्ने हो, पानीसँगै बालुवापनि बगेर जान्छ ।' उनले भने ' त्यसलाई रोक्न नसकिएला तर सीमा स्तम्भ र भूमिको रक्षा गर्न त सकिन्छ नि ?'

त्यस क्षेत्रमा १६ वटा पिलर हराएको जानकारी आफूले पनि पाएको बताउँदै उनले भने ' २ वटा सीमा स्तम्भ भेटियो, बाँकी १४ वटा कता पुरिएको छ ? कसैलाई थाहा छैन ।' ओरिया खोलाबाट वर्षेनी भारतीय पक्षले मनोमानी ढंगले बालुवा उत्खनन गरेर लैजाने गरेका छन् । २०७७ साल माघ ३० गते भारतीय बालुवा तस्कर र सशस्त्र प्रहरी बीच झडप हुँदा दुईजना सशस्त्र प्रहरी घाइते समेत भएका थिए ।

# विपी स्मृति बहुप्राविधिक शिक्षालयका छात्रवृत्तिका विद्यार्थी आन्दोलित

जनकपुरधाम/ धनुषाको सपहीस्थित सीटीईभीटी अन्तर्गतको विपी स्मृति बहुप्राविधिक शिक्षलयमा अध्ययनरत विशेष छात्रवृत्तिका विद्यार्थीहरु आन्दोलित भएका छन् । मासिक रुपमा पाउँदै आएको निर्वाह भत्ता महिनौंदेखि नपाएको भन्दै उनीहरु तीन दिनदेखि आन्दोलनमा उत्रेका हुन् ।

मंगलबार पनि उनीहरु शिक्षालय तथा सीटीईभीटीविरुद्ध प्रदर्शन गरका छन् । उनीहरु शिक्षालयको प्रशासन फाँटमा अनिश्चितकालीन तालाबन्दी समेत गरेका हुन् । ४० विद्यार्थीलाई राज्यले मासिक रुपमा दिँदै आएको विशेष छात्रवृति निर्वाह भत्ता गत असारदेखि नपाएकाले खानपिनमा समस्या भएकोले बाध्य भएर आन्दोलनमा उत्रेको विद्यार्थी सुजन कोइरालाले बताए ।

विशेष छात्रवृत्तिमा तीनवर्षे सिभिल इन्जिनियरिङग कोष अन्तर्गत २०७५ देखि ४० विद्यार्थी अध्ययनरत छन् । कोरोना महामारीको कारण समयमै पढाइ र परीक्षा नहुँदा उनीहरुको पठनपाठन अवधि लम्बिएको छ ।

कलेज पक्षले तीन वर्ष ३६ महिनाको निर्वाह भत्ता दिइसकेको छ । निर्वाह भत्ता मासिक ३ हजार ५ सय र पोशाक वापत वार्षिक २ हजार ५ सय विशेष छात्रवृत्तिका ती विद्यार्थीहरुले पाउने गरेका थिए । विशेष छात्रवृत्ति निर्वाह भत्ताको समय ३६ महिना सकिए पनि उनीहरुको पढाइ भने जारी नै छ । जसको कारण गत असार महिनादेखि वञ्चित छन् । सिभिल इन्जिनियर पठन पाठन अवधिभरको जिम्मा र निर्वाह भत्ता राज्यले जिम्मा लिएको विद्यार्थीहरुको भनाइ छ । तर पठनपाठन जारी रहेकै अवस्थामा निर्वाह भत्ताबाट महिनौदेखि बञ्चित गर्दा आफूहरु समस्यामा परेको अर्का विद्यार्थी बमबहादुर विकले गुनासो गरे ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# कृषिमन्त्री पोखरेलद्वारा ४४ बुँदे प्रतिवद्धतापत्र सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्क्षी विकास मन्त्री केशव पोखरेलले ४४ बुँदे प्रतिवद्धतापत्र सार्वजनिक गरेका छन् ।

गत माघ ११ गते बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्क्षी विकास मन्त्रीमा नियुक्त भएका पोखरेलले ४४ बुँदे प्रतिवद्धतापत्र सार्वजनिक गरेका हुन् । बुधबार मन्त्रालयको सभाहलमा पत्रकार सम्मेलनको आयोजना गर्दै मन्त्री पोखरेलले आफ्नो कार्यकालमा गर्ने कामहरुको आफ्नो प्रतिवद्धतापत्र सार्वजनिक गरे । मन्त्री पोखरेलले प्रदेश भित्रका कृषकहरुलाई सहज र सर्वसुलभ रासायनिक, प्राङ्गारिक तथा जैविक मल उपलब्ध गराउन तत्काल कार्ययोजना तयार पार्ने पहिलो प्राथमिकतामा राखेका छन् ।



अहिले संघीय सरकारबाट बागमती प्रदेशका लागि १७ हजार मेट्रिक टन मल मात्र आपुर्ति भइरहेको भएपनि पर्याप्त नभएको र संघीय सरकारलाई मलको कोटा बढाउन पहल गर्ने उनले बताएका छन् । प्रदेशभित्र रहेका किसानहरुलाई व्यवसायिकताको आधारमा वर्गीकरण गरी किसान परिचय पत्र वितरण गर्ने व्यवस्था छिटो मिलाइने उहाँले प्रतिवद्धता पत्रमा उल्लेख गर्नुभएको छ ।

यस्तै कृषि, पशुपन्क्षी र मत्स्य क्षेत्रमा विभिन्न रोगहरुको कारणबाट हुने क्षतिलाई न्यूनीकरण गर्न रोग नियन्त्रण पूर्व तयारी तथा प्रतिकार्य योजनाहरु कार्यान्वयन गरिने प्रतिवद्धता पत्रमा उल्लेख छ । कुखुरापालन व्यवसायको लागि दाना बनाउन आवश्यक पर्ने मकै आयातमा परनिर्भरतालाई कम गर्न दाना उद्योगको सहकार्य करारमा मकै खेती कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ ।

यस्तै खुला रुपमा मासुको बिक्री वितरण र ओसार पोसार कार्यलाई बन्देज गर्दै लैजाने मन्त्री पोखरेलले प्रतिवद्धता पत्रमा उल्लेख छ । उनले प्रदेश पोल्ट्री विकास वोर्ड गठन गर्ने कार्यलाई चालू आर्थिक वर्ष भित्र नै कार्यान्वयनमा ल्याई पोल्ट्री क्षेत्रमा देखिएको समस्यालाई सम्वोधन गरिने, प्रदेशभित्र रहेका किसानहरुलाई व्यवसायिकताको आधारमा वर्गीकरण गरी किसान परिचय पत्र वितरण गर्ने व्यवस्था यथाशक्य छिटो मिलाइने, कृषि व्यवसाय सञ्चालनको लागि बाली वस्तुहरुको उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धि कार्यको सुरुवाती चरणमा प्रदान गरिने बिउँ पूजीलाई बीउपूजी कोष मार्फत प्रभावकारी रुपमा कार्यान्वयन गरिने, कृषकले उत्पादन गरेका प्रमुख कृषि उपजहरुको बिक्री वितरण नभएको अवस्थामा न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने व्यवस्था मिलाइने, प्रदेशलाई दूध, अण्डा, माछा-मासु, आलु, प्याज, लसुन र अदुवा लगायतका कृषि वस्तुहरुमा आत्मनिर्भर बनाउन उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई थप विस्तार गरिने कुरालाई पनि आफ्नो प्रतिवद्धता पत्रमा समेटेका छन् ।

मन्त्री पोखरेलले गुणस्तरीय बीउविजन, मल, सिचाइ र प्रविधि मार्फत कृषि उत्पादन बढाइ कृषकको आयआर्जन वृद्धि गरी जिवनस्तर उकास्न परियोजनामा आधारीत कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने, सार्वजनिक निजी सहकारीको साझेदारीमा आधुनिक साइलो भण्डारण निर्माण गरी न्यूनतम समर्थन मूल्यमा खाद्यान्न खरिद गरी भण्डारण गर्ने कार्यलाई कार्यान्वयनमा ल्याइने, भुगोल र वातावरण सुहाउँदो बाली वस्तुको पहिचान गरी आधुनिक खेती प्रणाली अवलम्वन गर्दै स्थान विशेष परियोजना सञ्चालन मार्फत चक्लावन्दी/ सामुहिक खेतीलाई प्रोत्साहन गरिने र प्रदेशको सान, मौलिक कृषि हाम्रो पहिचान भन्ने अभियानका साथ प्रदेशमा रहेका रैथाने बालीको पहिचान गरी यसको संरक्षण, सम्वर्दन, प्रवर्द्धन र विस्तार गर्ने कार्यक्रम तयार गरि लागू गरिने जस्ता योजना बनाएर काम गर्ने प्रतिवद्धता जनाएका छन् ।

# शिवम् सिमेन्टविरुद्ध उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ हेटौंडा उपमहानगरपालिका-१६, हटियास्थित उद्योग रहेको शिवम् सिमेन्टविरुद्ध उजुरी परेको छ ।

भ्रामक विज्ञापन गरेको भन्दै शिवम् सिमेन्टविरुद्ध उजुरी परेको हो । शिवम् सिमेन्ट लिमिटेडले आफूमात्रै ओपीसी सिमेन्ट उत्पादक कम्पनी भएको दाबी गर्दै विज्ञापन गरेको थियो । उक्त विज्ञापन भ्रामक रहेको भन्दै उपभोक्ता अधिकार अनुसन्धान मञ्चले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा उजुरी दिएको हो । शिवम् सिमेन्टले उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ७ को १ (छ) विपरीत काम गरेको मञ्चले जनाएको छ ।



ऐनको दफा ७ को १ (छ) मा वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार प्रसार गर्न नपाइने व्यवस्था रहेको मञ्चका अध्यक्ष माधव तिमल्सिनाले जानकारी दिए । भ्रामक विज्ञापन गर्नेलाई दुईदेखि तीन वर्षसम्म कैद तथा ३ देखि ५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने कानुनी व्यवस्था छ । शिवम्को मुख्य चुनढुंगा उत्खनन् क्षेत्र मकवानपुरगढीको ८ नम्बर वडाका बासिन्दाले पनि वर्षौंदेखि गाउँपालिका कार्यालयदेखि सरोकारवाला निकायमा उजुरी गर्दै आएका छन् । खानी क्षेत्रबाट जाथाभावी ओभरवटन फालेको भन्दै स्थानीयहरुले बस्ती संरक्षणको माग वर्षौंदेखि उठाउँदै आएपनि सरोकारवाला निकायहरुले चासो दिएका छैनन् ।

# मैत्रीपुर्ण खेलमा महिला जनप्रतिनिधी र प्रशासन विजयी

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ हेटौंडा उपमहानगरपालिकाको ५४ औं स्थापना दिवसको अवसरमा आयोजित मैत्रीपुर्ण फुटवल प्रतियोगितामा महिला जनप्रतिनिधी र प्रशासनको टिम बिजयी भएको छ ।

५४ औं स्थापना दिवस अतिरीक्त क्रियाकलाप समितिले हेटौंडा-७ नागस्वती खेल मैदानमा गरेको प्रतियोगितामा जनप्रतिनिधी तर्फ नगरप्रमुख मिनाकुमारी लामाले नेतृत्व गरेको टिम र प्रशासनमा प्रमुख कार्यकारी अधिकृत शिबराज चौलागाइले नेतृत्व गरेको टिम बिजयी भएको हो । उपमहानगरका १९ वडामा निर्वाचित भएका महिला सदस्य सम्मिलत टोलीले उपमहानगरको महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले नेतृत्व गरेको प्रशासन टोलीलाई ३-१ गोल अन्तरले पराजित गरेको हो । खेलको निर्धारीत समय गोल रहित बराबरीमा टुङगिएपछि खेलमा ट्राइबेकर मार्फत निर्णय लिइएको थियो ।

प्रतियोगिताको दोश्रो पुरुष तर्फको खेलमा उपमहानगरपालिकाका उप प्रमुख राजेश बानियाँले नेतृत्व गरेको जनप्रतिनिधीको टोली प्रशासनसँग ७-१ गोल अन्तरले पराजित भएको छ । खेलको सुरुवातबाटै प्रशासनको दबदवा रहेको थियो । मैत्रीपुर्ण खेलको उद्घाटन हेटौंडा उपमहानगरका प्रमुख मिनाकुमारी लामाले रेफ्रि सुनिल लोप्चनलाई बल हस्तान्तरण गर्दै गरेकी थिइन् । उनले प्रतियोगिताले एक अर्का बिच भाइचाराको सम्बन्धको बिकास सँगै परिचयको अवसर समेत मिल्ने बताइन् ।

अतिरिक्त समितिका संयोजक तथा हेटौंडा-१५ का अध्यक्ष सुनिल मोक्तानको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई र नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीले मन्तव्य व्यक्त गरेका थिए । अतिरिक्त क्रियाकलाप अन्तर्गत बिहीवार हेटौंडा-४ हुप्रचौर मैदानमा महिला तथा पुरुष भलिवल प्रतियोगिता हुने जनाइएको छ ।

# राप्रपा पनि सरकारसँग असन्तुष्ट

काठमाडौं, २५ माघ/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि सरकारसँग असन्तुष्ट देखिएको छ । पार्टीको विचार र सिद्धान्तमाथि प्रधानमन्त्री र सत्तारुढ दलका सांसदहरुबाट पटक-पटक प्रहार भएको भन्दै राप्रपा नेताहरुले असन्तुष्टि जनाएका हुन् ।



१० पुसमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्रीमा दाबी पेश गर्दा समर्थन गरेको राप्रपा न्यूनतम साझा कार्यक्रम आएपछि मात्र सरकारमा गएको थियो । २७ पुसमा सार्वजनिक विदा दिनुपर्नेसहित राष्ट्रियता, विकास, सुशासन र सेवा प्रवाहलाई प्राथमिकता दिनुपर्ने शर्तलाई न्यूनतम साझा कार्यक्रमले त्यसलाई सम्बोधन गरेको भन्दै राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा सरकारमा गएको थियो ।

लिङ्देन उपप्रधान तथा उर्जामन्त्री छन् भने विक्रम पाण्डे शहरी विकास र ्वबहादुर प्रधान कानुनमन्त्री छन् भने दिपक सिंह उर्जा राज्यमन्त्री छन् । बाग्मती र प्रदेश १ मा पनि राप्रपा सहभागी छ ।

तर पछिल्लो समय अहिले आफूहरुलाई अवमूल्यान गर्न खोजिएको राप्रपा नेताहरुको गुनासो छ । 'अहिलेको गठबन्धन सिद्धान्त मिल्ने दलहरुबीचको एकता नभई राष्ट्रियता, विकास र सेवा प्रवाहको उद्देश्य लिएर बनेको हो, तर गठन भइसकेपछि सैद्धान्तिक कुरा बढी भयो' राप्रपा उच्च स्रोतले भन्यो, 'प्रधानमन्त्रीले राप्रपा मन्त्रीलाई लक्षित गरी स्पष्टीकरण सोध्छु भन्नेदेखि सत्ता साझेदार दलकै नेताले संसदमा आलोचना गर्ने जस्ता काम भयो ।'

कानुन न्याय तथा संसदीय मामिला मन्त्री प्रधानले एक अन्तर्वार्तामा दिएको अभिव्यक्तिलाई लिएर १० माघमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रियसभामा सम्बोधन गर्दा स्पष्टीकरण सोध्न सक्ने बताएका थिए । त्यस्तै एमाले सांसद रघुजी पन्तले १८ माघमा प्रतिनिधिसभा बैठकमा राप्रपा मन्त्रीहरुले हिन्दुराष्ट्र र राजतन्त्रको पक्षमा दिएको अभिव्यक्तिको आलोचना गरेका थिए ।

प्रदेश सरकारमा सम्मानजनक सहभागिता नभएको समेत राप्रपा नेताहरुको गुनासो छ । 'प्रदेश १ मा २ जना मन्त्री बनाउने सहमति भएकामा एक जना मात्र मन्त्री भएका छन्, लुम्बिनीमा सरकारमा सहभागी गराएको छैन' स्रोतले भन्यो 'गठबन्धनमा खोलो तऱ्यो लौरो बिर्सियोको व्यवहार भएको छ ।'

सरकार गठन गर्नको भावनामा प्रधानमन्त्री नै नअडिने हो भने सरकारमा बसिरहनु उपयुक्त नहुने कुरा पार्टीमा उठेको एक नेता बताउँछन् । 'हामी पार्टीभित्र कुराकानी गरिरहेका छौं । तर निर्णयमा पुगेका छैनौं', ती नेता भन्छन् ।

# शहिद स्मृति अन्तर्राष्ट्रिय गोल्डकपको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ स्थानीय तह शहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकपको पाँचौं संस्करणको तयारी पूरा भएको छ ।

यही माघ २८ देखि फागुन ११ गतेस्म्म हुने स्थानीय तह शहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकपको पाँचौं संस्करणको तयारी पूरा भएको आयोजक मकवानपुर जिल्ला फुटबल संघले जनाएको हो ।

हेटौडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुने प्रतियोगिताको खेलतालिका समेत आयोजकले सार्वजनिक गरेको छ । जसअन्तर गत माघ २८ गते हुने प्रतियोगिताको उद्घाटन खेलमा नव जनजागृति युवा क्लब, सिमरा, बारा र रिगल रिसोर्ट हेटौंडा मकवानपुर-११ बीच हुनेछ ।

प्रतियोगिताको मैदान व्यवस्थापन लगायत आवश्यक भौतिक पूर्वाधारका कामहरु पनि सबै सम्पन्न भईसकेको मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामाले जानकारी दिए ।

ए डिभिजन क्लब, मोफसलका टोली र एक विदेशी गरी कुल १२ टोलीहरुको सहभागिता रहेको प्रतियोगिताको विजेताले उपाधिसहित नगद १५ लाख हात पार्नेछ भने उपविजेताले १० लाख प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५० हजार तथा विधागततर्फ उत्कृष्ट हुने खेलाडीहरुले जनही २५-२५ हजार सहित ट्रफी हात पार्नेछ ।

# निर्माण व्यवसायीको अध्यक्षमा ढकालद्वारा उम्मेदवारी घोषणा

हेटौंडा, २५ माघ/निर्माण व्यवसायी संघ मकवानपुरको अध्यक्षमा श्याम ढकालले उम्मेदवारी घोषणा गरेका छन् ।

बुधबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै ढकालले निर्माण व्यवसायी संघ मकवानपुरको अध्यक्षमा उम्मेदवारी घोषणा गरेका हुन् । ढकाल यसअघि पनि संघको अध्यक्ष थिए । पुराना अधुरो कामहरु पूरा गर्न पुन: उम्मेदवारी दिन लागेको ढकालले बताए । संघको साधारणसभा यहि माघ २८ गते र निर्वाचन २९ गते हुँदैछ ।



हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर्थिक विकास (कृषि विकास) शाखा

## फलफुल तथा तरकारी प्रबर्द्धन कार्यक्रम सम्बन्धि सूचना

*(पहिलो पटक सूचना प्रकाशित मिति : २०७९/१०/१९गते)*

बागमती प्रदेशको आ.ब. २०७९/८० को वार्षिक स्वीकृत सशर्त कार्यक्रम अन्तर्गत (शीर्षक नं.७५, रपेज ४४) हेटौडा उपमहानगरपालिका वडा नं. १३ क्षेत्र भित्रका कृषक समूहहरु, कृषि सहकारी संस्थाहरुको लागि फलफुल तथा तरकारी प्रबर्द्धन कार्यक्रम संचालन गर्न अनुदान उपलब्ध गराउने भएकोले तपशिलको शर्तहरुको अधिनमा रहि पहिलो पटक सूचना प्रकाशनको मितिले १५ दिन भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. प्रस्तावसहितको निवेदन फलफुल तथा तरकारी कार्यक्रमको लागि मात्र हुनु पर्नेछ ।
३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।
 क) कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित)।
 ख) संस्थाको प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि र अडिट रिपोर्ट ।
 ग) फलफुल तथा तरकारी खेती कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपि ।
 घ) सम्बन्धित वडा कार्यालयको सिफरीस पत्र ।
४. अनुदान कार्यक्रममा छनौट भएमा प्रस्ताव गरिएकै क्षेत्र भित्र कार्यक्रम संचालन गर्नुपर्ने छ ।
५. अनुदान कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित समूह/सहकारी संस्था बीच हुने सम्झौताअनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।
६. अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।
७. रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।
८. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

सम्पर्क मो. ९८५५०६८३९३, ९८४५५१३३०२, ९८४५६२२४४४

सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिक नछुटौं ।

☞ सामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिक, असहाय एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक तथा लक्षित बालबालिकालाई उपलव्ध गराईन्छ।
☞ सामाजिक सुरक्षा भत्ता राज्यबाट अन्य कुनै किसिमका सेवा सुविधा प्राप्त नगर्ने नागरिकलाई मात्र उपलव्ध हुन्छ।
☞ सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित तथा निवृत्तिभरण पाईरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन।
☞ एउटै व्यक्तिले एक लक्षित समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्दछन्।
☞ एउटै व्यक्तिले दोहोरो सुविधा लिनु गैरकानुनी हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा
अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा २४ सै घण्टा
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
हेटौडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।
थप जानकारीको लागि
हेटौडा सिटी हस्पिटल प्रा.लि.
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।
कार्यरत विशेषज्ञ डाक्टरहरु :
☞ हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
☞ जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
☞ नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
☞ जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
☞ छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
☞ रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
☞ एनेस्थेसिया डा.सुवास लामिछाने
☞ दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
☞ फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।
साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।
हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना